नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

टेलिफोन:०५६-५२१९४४
फ्याक्स : ०५६-५२०७४७

पत्र संख्या:०७८।०७९
चलानी नः

मितिः- २०७८।०५।०९

चितवन जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

कोभिड-१९को संक्रमण दर यस जिल्लामा निरन्तर बढ्दै गएको हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ को दफा (४), संक्रामक रोग ऐन २०२० को दफा(२) र स्थानीय प्रशासन ऐन २०२८ को दफा (६) को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८।०५।१०गतेराति १२:०० बजे देखि मिति २०७८।०५।२० गते राति १२:०० बजेसम्म चितवन जिल्लाभर लागू हुनेगरी निषेधाज्ञा आदेश जारी भएको ब्यहोरा अनुरोध छ । यो आदेशको उल्लघंन गरे गराएको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

क) निषेध गरिएका सेवा तथा कार्य :

१. भौतिक रूपमा उपस्थित भई हुने सबै प्रकारका सभा, सम्मेलन, प्रदर्शन, भेला,जात्रा, महोत्सव सञ्चालन ।
२. सिनेमा, पार्टी प्यालेस, हेल्थ क्लब, दोहोरी रेष्टुरेन्ट, फनपार्क, फुटसल, फिटनेस सेन्टर, जिमखाना, फुटपाथ पसल, स्पा, स्वीमिङ्ग पुल,मनोरञ्जनस्थल, स्ट्रिटफुड पसल, ब्युटी पार्लर तथा सैलुन सञ्चालन ।
३. विश्वविद्यालय, क्याम्पस, विद्यालय लगायत सबै शैक्षिक संस्थाहरूमा भौतिक रुपमा उपस्थित भई हुने पठन/पाठन लगायतका शैक्षिक गतिविधि सञ्चालन ।
४. मठ, मन्दिर, मस्जिद, गुम्वा, चर्च लगायतका धार्मिक स्थलमा दैनिक नित्य पूजा बाहेक मानिसहरु समूहमा जम्मा / भेला भई गरिने अन्य धार्मिक, साँस्कृतिक एवं सामाजिक गतिविधि

ख) संचालन गर्न पाइने सेवा तथा कार्य :

१. औषधि, अक्सिजन सिलिण्डर तथा स्वास्थ्य सामग्री सम्बन्धी पसल एग्रोभेट तथा भेटेरीनरी औषधि पसल,बीउबिजन,रासायनिकमलपसल, पेट्रोल पम्पर मोटर वर्कसपसञ्चालन ।
२. जिल्लास्थित सबै सरकारी कार्यालयहरुले जनस्वास्थ्यका निर्धारित मापदण्ड अनिवार्य रूपमा पालना गर्ने सुनिश्चितता गरी भिडभाडको अवस्थाको विश्लेषण गरी बार र स्थानीय तह/वडा अनुसार आलोपालो प्रणाली अवलम्बन गरी भिडभाड नहुने प्रबन्ध मिलाई सेवा प्रवाह गर्ने ।
३. खाद्यान्न, तरकारी, फलफूल, दूध डेरी माछा/मासु, अण्डा, चल्ला, दाना, खाना पकाउने ग्याँस सम्बन्धी पसल, पूजा सामग्री पसल दैनिक बिहान १०.०० बजेसम्म सञ्चालन गर्न पाइने । दुध डेरीको हकमा बेलुकी (५:०० बजे देखि बेलुकी ७:००वजे) सम्म समेत सञ्चालन गर्न पाइने छ ।

२०७८।५।१०
प्रेमलाल लामिछाने
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

☎ टेलिफोन:०५६-५२१९४४
फ्याक्स : ०५६-५२०७४७

पत्र संख्या:०७८।०७९
चलानी नः

४. इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स पसल, भाँडा पसल, कपडा पसल, फेन्सी पसल, कस्मेटिक तथा गिफ्ट पसल,डिपार्टमेन्टल स्टोर, सुनचाँदी पसल, फर्निचर तथा फर्निसिङ, अटोमोबाइल, मोटरपार्ट्स, जुत्ता चप्पल, टेलरिङ, पुस्तक तथा स्टेशनरी, निर्माण सामग्री लगायतका ब्यापारीक पसल र खाजा घर, रेष्टुरेण्टर मिठाई पसलहरु दैनिक दिउसो १२:०० बजे देखि वेलुकी ६:०० बजेसम्म मात्र सञ्चालन गर्न पाइने ।

५. जनस्वास्थ्यका निर्धारित मापदण्ड अनिवार्य रूपमा पालना गर्ने सुनिश्चितता गरी बैंक तथाबित्तीय संस्था,सहकारी, विमा तथा रेमिट सेवा सञ्चालन गर्न पाइनेतर वित्तीय तथा सहकारी संस्थाबाट घरदैलोमा गई रकम संकलन तथा समूह भेला सञ्चालन गर्ननपाइने ।

६. उद्योग/कलकारखानाको हकमा जनस्वास्थ्यका निर्धारित मापदण्ड पालना गरी सञ्चालन गर्ने । नियमित कामदारहरुको स्वास्थ्य परीक्षणको व्यवस्था गर्ने ।

७. होटेल/लज सञ्चालन सम्बन्धमा जनस्वास्थ्यका निर्धारित मापदण्ड पालन गरी कुल कोठा संख्याको आधा संख्या नबढ्ने गरी सञ्चालन गर्न पाइने । कोठाहरु प्रत्येक दिन अनिवार्य रुपमा निसंक्रमण (disinfection) गर्ने ।

ग) संचालन गर्न पाइने सवारी साधनहरु :

१. अत्यावश्यक सेवामा प्रयोग गरिने सवारी साधनहरु, सरकारी कार्यालयका सवारी साधनहरु, खाद्यान्न लगायत अत्यावश्यक उपभोग्य सामग्री ढुवानी गर्ने सवारी साधनहरु, निर्माण सामग्री ढुवानी गर्ने सवारी साधनहरु, मालवाहक सवारी साधनहरु, सरसफाई तथा फोहोर मैला व्यवस्थापन कार्यमा प्रयोग हुने सवारी साधनहरु।

२. समाचार संकलन/संप्रेषणका लागि परिचयपत्र बाहक संचारकर्मीले प्रयोग गरेका र पत्रपत्रिका वितरणका लागि प्रयोग भएका सवारी सधान ।

३. राजमार्ग भई अन्य जिल्लामा जाने सवारी साधनहरु ।

४. जिल्ला भित्र संचालन हुने सार्वजनिक तथा निजी सवारी साधनमा जोर गते जोर नम्बर र विजोर गते विजोर नम्बरका सवारी साधनमा देहायका मापदण्ड पालना गर्नेगरी सञ्चालन गर्नेः-

- सिट क्षमता भन्दा बढी यात्रु नराख्रे ।
- सबै यात्रुहरुले अनिवार्य रुपमा मास्क लगाउने ।
- मास्क नलगाउने यात्रुलाई सवारी साधनमा प्रवेश गर्न नदिने ।
- चालक र सहचालकले अनिवार्य मास्क लगाउने ।
- सवारी साधनको ढोकामा स्यानिटाइजरको व्यवस्था गर्ने ।
- सवारी साधन दैनिक निसंक्रमण (disinfection) गर्ने ।

प्रेमलाल लामिछाने
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

☎ टेलिफोन:०५६-५२१९४४
फ्याक्स : ०५६-५२०७४७

पत्र संख्या:०७८।०७९
चलानी नः

५. यस जिल्लावाट छुट्ने मध्यम तथा लामो दुरीका सार्वजनिक सवारी साधनको हकमा माथि ४ नं वुँदामा उल्लेखित मापदण्ड अनिवार्य रुपमा पालना गर्ने/गराउने गरी अत्यावश्यक प्रयोजनमा सम्वन्धित यातायात व्यवसायी संघ/समितिको सिफारिस एवं जिल्ला ट्राफिक प्रहरी कार्यालयको समन्वयमा सीमित संख्यामा संचालन गर्ने ।

घ) कोभिड-१९ को लक्षण देखिएका तथा संक्रमितको सम्पर्क (Contact Tracing) मा परेका व्यक्तिहरुले नेपाल सरकारले निशुल्क व्यवस्था गरेको एन्टिजेन परिक्षणका लागि सम्वन्धित स्थानीय तह/अस्पतालसंग सम्पर्क गरी परीक्षण गराउनअनुरोध छ ।

ङ) संक्रमण दर घट/बढ भएमा यस आदेशमा भएका व्यवस्थाहरु जुनसुकै समयमा पनि पुनरावलोकन गर्न सकिनेछ ।

च) सम्बद्ध सबै पक्षको सहयोग तथा समन्वयमा "मास्क अभियान" प्रभावकारी रूपमा सञ्चालन गर्ने ।

छ) साथै उल्लिखित आदेशको पालना तथा कार्यान्वयनमा आवश्यक सहयोग, समन्वय तथा सहजीकरण हुन सम्बद्ध सबै सरोकारवाला तथा आम चितवनबासी दिदीबहिनी तथा दाजुभाइ समक्ष हार्दिक अनुरोध छ ।

२०८१/४८/०३

प्रेमलाल लामिछाने